## रत्ननगर नगरपालिकाको आ.व.२०७२।०७३ मा सञ्चालन गरिएका बार्षिक योजना एवं सेवा प्रवाहको वार्षिक प्रगति समिक्षाको कार्यकारी सारंश

रत्ननगर नगरपालिकाले आ.व. २०७२।०७३ को वार्षिक समिक्षा २०७३।०६।१७ गते सोमवारका दिन सम्पन्न गरेको छ । गत आ.व. २०७२।०७३ का लागि आय तर्फ आन्तरीक स्रोत रु.३ करोड १६ लाख ३२ हजार बाह्य स्रोत तर्फ रु. १३ करोड ४ लाख ५३ हजार गरी कुल आम्दानी रु.१६ करोड २० लाख ८५ हजार अनुमानित गरिएकोमा गत आ.व. २०७२।०७३ मा आन्तरीक स्रोत तर्फ रु. ३ करोड २७ लाख २७ हजार १ सय ५१ पैसा ६६ र बाह्य स्रोत तर्फ रु.१६ करोड ३८ लाख ४२ हजार ३ सय ६२ पैसा ०२ गरी कुल १९ करोड ६५ लाख ६९ हजार ५ सय १३ पैसा ६८ यथार्थ आम्दानी भएको छ। जुन अनुमान भन्दा आन्तरीक र बाह्य दुवै गरी रु. ३ करोड ४४ लाख ८४ हजार ५सय १३ पैसा ६८ बढी आम्दानी गर्न सफल भएको छ ।

यसै गरी व्यय तर्फ चालु खर्च रु. ६ करोड ५७ लाख ८० हजार र पूँजिगत खर्च रु.९ करोड ६३ लाख ०५ हजार कुल खर्च रु. १६ करोड २० लाख ८५ हजार अनुमान गरिएकोमा चालु खर्च तर्फ रु.१० करोड ४४ लाख ९१ हजार पूँजिगत तर्फ रु.९ करोड ३६ लाख ४३ हजार यथार्थ खर्च भएको देखिन्छ भने लक्षित कार्यक्रम तर्फ पनि तोकिए अनुसार नै विनियोजन तथा खर्च भएको देखिन्छ ।

नगरपालिकाले विगतमा सम्पन्न गरेका विकास निर्माण एवं सामाजिक विकास क्षेत्रमा खर्च व्यवस्थापनबाट आम नगरवासीमा नगरपालिका मार्फत प्रवाह हुने सेवा र उपलब्ध गराउने विकास निर्माण गुणस्तरीय र प्रभावकारी होस भन्ने अपेक्षा गरिएकोछ । फोहरमैला व्यवस्थापन, पाकिङ्ग व्यवस्थापन तथा आन्तरीक स्रोतको व्यवस्थापनलाई रत्ननगर नगरपालिकाले चुनौतीको रुपमा लिएको छ ।

नगरपालिकाले स्थानीय राजनैतिक दलहरु, लक्षित वर्गमा काम गर्ने सरोकारवाला एवं विभिन्न संघ संस्थाका प्रतिनिधीहरु, नागरिक समाजका अगुवाहरु, वडा नागरिक मञ्चका प्रतिनिधीहरु, उपभोक्ता समितिका प्रतिनिधीहरु, विभिन्न विद्यालयका प्र.अ. तथा व्यवस्थापन समितिका अध्यक्ष एवं प्रतिनिधीहरु लगायतका सामाजिक व्यक्तित्वहरुको उपस्थितिमा प्रमुख एवं कार्यकारी अधिकृत श्री काशीराम गैरे ज्यूको अध्यक्षतामा आ.व.२०७२/०७३ को नगरपालिकाको वार्षिक प्रगति समिक्षा सम्पन्न भएको थियो । सिमित स्रोत र साधनको वावजुद पनि नगरपालिकाले दिने सेवा तथा विकास निर्माण, नगर सफाईको व्यवस्थापनको क्षेत्रमा गतिशिलता प्रदान गरेको । विभिन्न विकास निर्माण सम्वन्धि कार्यमा सुधारत्मक रहेको, गरेको नगरपालिको आन्तरीक आयमा बृद्धी गर्ने काम गरेकोमा सहभागी नगरवासीहरुले खुलेर प्रशंसा गरेका छन् । नगरपालिकाले आगामी दिनमा लिने नीतिगत व्यवस्थापन तथा भावी कदमहरु दिर्घकालिन सोचका साथ अगाडी बढाउन सुझाव दिएका छन ।

नि. कार्यकारी अधिकृत
रत्ननगर नगरपालिका कार्यालय

नि. कार्यकारी अधिकृत
रत्ननगर नगरपालिका